नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
विद्युत नियमन आयोगको अध्यक्ष र सदस्य नियुक्ति सिफारिस समितिको सूचना

**प्रकाशित मिति : २०८३/२/७**

विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ५ बमोजिम विद्युत नियमन आयोगको रिक्त अध्यक्ष (एक) र चार सदस्य (एक जना महिलासहित) पदमा नियुक्तिको लागि सोही दफामा तोकिए बमोजिम आवश्यक न्यूनतम योग्यता र अनुभव पूरा भएका इच्छुक उम्मेदवारहरूले उक्त ऐनको दफा ७ को उपदफा (२) बमोजिम यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र (२०८३ जेठ २१ गते कार्यालय समयभित्र) यस मन्त्रालयको विकास सहायता तथा प्रादेशिक समन्वय महाशाखामा तपसिल बमोजिमका कागजात तथा विवरण सहित आवेदन पेश गर्न सिफारिस समितिको मिति २०८३/२/६ को निर्णय अनुसार सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । इच्छुक उम्मेदवारले दरखास्त साथ दरखास्त दस्तुर बापत रु ३,०००/- (रुपैयाँ तीन हजार) राष्ट्रिय वाणिज्य बैंक लि. सिंहदरबार, काठमाडौंमा रहेको राजस्व खाता नं. १०००१००२०००१००००, राजस्व संकेत नं. १४२२९ (अन्य प्रशासनिक सेवा शुल्क) कार्यालय कोड ३०८००३५०१ (ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय) मा जम्मा गरेको सक्कल भौचर पेश गरेको हुनुपर्नेछ । उम्मेदवारले पेश गर्नुपर्ने आवेदन फाराम ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको वेबसाईट (moewri.gov.np) वा विकास सहायता तथा प्रादेशिक समन्वय महाशाखा, सिंहदरबारबाट कार्यालय समयमा प्राप्त गर्न सकिनेछ ।

**तपसिलः**

| सि.नं. | पद | रिक्त संख्या | आवश्यक योग्यता |
|---|---|---|---|
| १ | विद्युत नियमन आयोगको अध्यक्ष | १ (एक) | विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ५ (१)(क) बमोजिमको योग्यता हासिल गरेको र दफा ६ बमोजिम अयोग्य नरहेको । |
| २ | विद्युत नियमन आयोगको सदस्य | ४ (चार) कम्तीमा एकजना महिला | विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ५ (१)(ख) बमोजिमको योग्यता हासिल गरेको र दफा ६ बमोजिम अयोग्य नरहेको । |

१. विद्युत नियमन आयोग नियमावली, २०७५ को अनुसूची-१ बमोजिमको आवेदन (पासपोर्ट साइजको फोटो सहितको आवेदन साथ आफैले प्रमाणित गरेको नेपाली नागरिकताको प्रतिलिपी, वैयक्तिक विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, आवेदन दस्तुर तिरेको भौचर, कार्य अनुभव

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
२०७४

पुष्ट्याइँ हुने कागजात र विद्युत नियमन आयोग नियमावली, २०७५ को अनुसूची-२ बमोजिमको स्वघोषणा) छुट्टै खाममा पेश गर्नुपर्नेछ ।

२. उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी व्यावसायिक कार्ययोजना (Business Action Plan) को ३ प्रति छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नुपर्नेछ । व्यावसायिक कार्ययोजनाको ढाँचा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको वेबसाईट (moewri.gov.np) बाट प्राप्त गर्न सकिनेछ।

३. आवेदन पेश गरेका उम्मेदवारहरू मध्ये आवश्यक न्यूनतम शैक्षिक योग्यता र कार्य अनुभव पूरा गरेका उम्मेदवारहरूको दरखास्त स्वीकृत गरिनेछ । दरखास्त स्वीकृत भएका उम्मेदवारहरूमध्ये व्यावसायिक कार्ययोजनामा कम्तीमा ५० प्रतिशत अंक प्राप्त गरेका उम्मेदवारलाई मात्र कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्तामा सहभागी गराइनेछ । त्यसपछिका प्रक्रियागत कार्यक्रमहरू ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको वेबसाइट (moewri.gov.np) मा प्रकाशित गरिनेछ ।

४. कार्ययोजना प्रस्तुतिका लागि छनोट भएका उम्मेदवारहरूले प्रस्तुतिकरण तथा अन्तर्वार्ताको लागि आउँदा दरखास्तसाथ पेश गरेका प्रमाणपत्र तथा कागजातहरूको सक्कल प्रति लिएर आउनु पर्नेछ।

५. अध्यक्ष र सदस्य छनौट गर्दा कम्तीमा एकजना महिला सहित समावेशी आधारमा गरिनेछ। सदस्यको हकमा उम्मेदवारको शैक्षिक योग्यताको विषयविधा फरक हुनेगरी योग्यताक्रमका आधारमा छनौट तथा सिफारिस गरिनेछ।

६. आफुले आवेदन दिन चाहेको पद र विशिष्टीकृत क्षेत्र (१ मात्र) विद्युत नियमन आयोग नियमावली, २०७५को अनुसूची- १ बमोजिमको आवेदनमा अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

७. उम्मेदवार छनौट सम्बन्धी आधार, मापदण्ड र प्रकृया सिफारिस समितिले तय गरेबमोजिम हुनेछ।

८. विद्युत नियमन आयोगका अध्यक्ष र सदस्यहरूको छनौट तथा सिफारिस सम्बन्धी अन्य व्यवस्था विद्युत नियमन आयोग ऐन, २०७४ तथा नियमावली, २०७५ तथा अन्य प्रचलित कानुनी व्यवस्था बमोजिम हुनेछ ।

९. दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र बुझाउनुपर्नेछ ।

१०. यस सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयमा मन्त्रालयको विकास सहायता तथा प्रादेशिक समन्वय महाशाखा वा ०१-४२११५२३ मा सम्पर्क गर्न सकिनेछ ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्
२०७४

अनुसूची-१

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

अध्यक्ष/सदस्य पदको लागि आवेदन

फोटो

श्री सिफारिस समिति,

..................... ।

विद्युत नियमन आयोग ऐन, २०७४ बमोजिम मेरो देहायमा लेखिए बमोजिम योग्यता र अनुभव भएकोले आयोगको अध्यक्ष/सदस्यको पदमा रही काम गर्न पाउँ भनी यो दरखास्त पेश गरेको छु ।

मेरो व्यक्तिगत विवरण देहाय बमोजिम रहेको छः-

१. नामः

२. ठेगानाः-

स्थायीः

अस्थायी :

३. उमेरः-

जन्ममितिः

हालको उमेरः

४. शैक्षिक योग्यताः-

शैक्षिक उपाधिको नामः शैक्षिक उपाधिको विषयः

शिक्षण संस्थाको नाम, ठेगानाः

प्राप्त प्रतिशतः

शैक्षिक उपाधिको नामः शैक्षिक उपाधिको विषयः

शिक्षण संस्थाको नाम, ठेगानाः

प्राप्त प्रतिशतः

५. सम्बन्धित क्षेत्रको अनुभवः

(१)

(२)

(३)

(४)

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

६. विशिष्टीकृत क्षेत्रः

७. संलग्न कागजातहरूः

(१)

(२)

(३)

(४)

८. दस्तखतः मितिः

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

अनुसूची-२

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

## स्वघोषणा

म विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ६ बमोजिम आयोगको अध्यक्ष/सदस्य पदमा उम्मेदवार हुन देहायको अयोग्यता नभएको स्वघोषणा गर्दछु । कुनै पनि कारणबाट यो स्वघोषणा बमोजिम नभएको प्रमाणित भएमा कानून बमोजिम कारबाही भएमा मेरो मञ्जुरी छ ।

(क) गैर नेपाली नागरिक,

(ख) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(घ) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको वा त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(ङ) आफू वा आफ्नो एकाघरको परिवारको सदस्य विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारमा संलग्न कुनै कम्पनी वा त्यस्तो कम्पनीको सहायक कम्पनी, फर्म वा संस्थाको संस्थापक, व्यवस्थापकीय तह, शेयर धनी वा सञ्चालक, लेखापरीक्षक वा सल्लाहकारको हैसियतमा संलग्न रहेको वा त्यस्तो हैसियतबाट अलग भई कम्तीमा तीन वर्षको अवधि व्यतित भई नसकेको,

(च) विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी कसूरमा सजाय पाई सजाय भुक्तान गरेको मितिले तीन वर्षको अवधि पूरा नभएको,

(छ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्वमा रहेको सङ्गठित संस्था वा अनुमतिपत्र प्राप्त व्यक्तिको बहालवाला कर्मचारी,

(ज) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(झ) कुनै राजनीतिक दलको सदस्य वा पदाधिकारी भएको ।

दस्तखतः

नामः

ठेगानाः

मितिः

## Work Plan Template — Electricity Regulatory Commission (ERC)

## Candidate for Chairman

*Word Limit: 5,000 words (excluding implementation table)*

1. **Executive Summary** *(300 words max)* A concise statement of the candidate's vision for ERC and their top 3 priorities.

2. **Understanding of ERC's Mandate and Regulatory Role with stakeholder engagement and institutional independence** *(400–600 words)*

3. **Assessment of Nepal's Electricity Sector — Current State** *(600–800 words)*

4. **Top Three Priority Regulatory Agenda with Implementation Plan and Timeline** *(1,500–2,000 words)*
   A simple implementation table structured as follows:

| Priority Area | Key Actions | Responsible Stakeholders | Timeline | Success Indicator |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

5. **Innovation and Emerging Issues** *(500–700 words)*

### Formatting Guidelines

- Word limit is 5,000 words excluding the implementation table.
- Section word limits are indicative; candidates may adjust within the overall 5,000-word limit but must cover all sections
- The work plan must be the candidate's own work — the presentation and interview will probe specific proposals in depth and candidates should be prepared to defend, elaborate, and critically reflect on everything submitted

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ
२०७४

## Work Plan Template — Electricity Regulatory Commission (ERC)

## Candidate for Member

*Word Limit: 5,000 words (excluding implementation table)*

1. **Executive Summary** *(300 words max)* A concise statement of the candidate's vision for ERC and their top 3 priorities.

2. **Understanding of ERC's Mandate and Regulatory Role with stakeholder engagement and institutional independence** *(400–600 words)*

3. **Assessment of Nepal's Electricity Sector — Current State** *(600–800 words)*

4. **Top Three Priority Regulatory Agenda with Implementation Plan and Timeline** *(1,500–2,000 words)*
   A simple implementation table structured as follows:

| Priority Area | Key Actions | Responsible Stakeholders | Timeline | Success Indicator |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

5. **Innovation and Emerging Issues** *(500–700 words)*

**Formatting Guidelines**

- Word limit is 5,000 words excluding the implementation table.
- Section word limits are indicative; candidates may adjust within the overall 5,000-word limit but must cover all sections
- The work plan must be the candidate's own work — the presentation and interview will probe specific proposals in depth and candidates should be prepared to defend, elaborate, and critically reflect on everything submitted